पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :५ पोखरा खण्ड :७३ प्रमाणित मितिः २०७८ माघ २८ गते

## भाग १

## खेलकुद विकास ऐन, २०७५ (दोश्रो संशोधन)

## नगर प्रहरी व्यवस्थापन (दोश्रो संशोधन) ऐन, २०७८

| क्र.सं. | हालको दफा | हालको व्यवस्था | शंसोधन गर्नुपर्ने | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा (२) | (ण) "परिषद" भन्नाले राष्ट्रिय खेलकुद परिषद सम्झनु पर्नेछ । | (ण) "परिषद" भन्नाले राष्ट्रिय खेलकुद परिषद र प्रदेश खेलकुद परिषद, गण्डकी सम्झनु पर्नेछ। | मुल ऐनमा नभएकोले |
| २ | दफा (३) | (२)(झ) महा नग पालिकाको प्रमुख प्रशासकीय अधिकृत-सदस्य<br>ञ) महानगरपालिकाको सामाजिक विकास महाशाखा/शिक्षा तथा खेलकुद शाखा प्रमुख–सदस्य सचिव | (२) (झ) महानगरपालिकाको शिक्षा महाशाखा प्रमुख-सदस्य<br>(२) (ञ) अध्यक्षको सिफारिसमा महानगर पालिका कार्यपालिकाले नियुक्त गरेको व्यक्ति-सदस्य सचिव | मुल ऐनमा नभएकोले |
| ३ | दफा (७) | १) दफा ३ को उपदफा (२) कोखण्ड (ङ) देखि (झ) सम्मका मनोनीत | (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनित सदस्यको पदावधि | |

| | | | | |
|---|---|---|---|---|
| | | सदस्यको पदावधि तीन वर्षको हुनेछ । र पदावधि समाप्त भएपछि निज हरुको पुनः मनोनयन हुन सक्नेछ । | तीन वर्षको हुनेछ । | प्रष्टता नभएकोले |
| ४ | दफा (७) | | ७ (२) सदस्य सचिवको पारिश्रमिक तोकिए बमोजिम हुनेछ । | मुल ऐनमा नभएकोले |
| ६ | दफा (९) | पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ । | पद रिक्त हुने अवस्थाः देहायको अवस्थामा सदस्य सचिव र मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ ।<br>(ङ) मगज बिग्रेको | मुल ऐनमा नभएकोले |
| ७ | दफा ११ | | ३ खेल संघ गठन गर्न सक्ने : (१) समितिले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम महानगर पालिका भित्र खेलकुद गतिविधि गर्न खेलको आवश्यकता अनुसार | समयानुकुल बनाई थप गर्नु पर्ने भएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | | सातसदस्यीय महानगर खेल संघ गठन गर्न सक्नेछ । <br> २) उपदफा (१) बमोजिम गठित संघको गठन प्रक्रिया काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोके बमोजिम हुनेछ। | |
| ८ | दफा १२ | (२) (च) वडा सचिव वा वडाले तोकेको कर्मचारी - सदस्य सचिव | (२) (च) वडा खेलकुद विकास समिति अध्यक्षको सिफारिसमा वडा समितिले नियुक्त गरेको व्यक्ति - सदस्य सचिव | स्पष्टता गर्नुपर्ने भएकोले |
| ९ | दफा १२ | (३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | ३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । <br> (३) (क) वडा कार्यालय र महानगर खेलकुद विकास समिति संग समन्वय गरी वडा स्तरीय खेलकुद कार्यक्रम गर्ने, | मुल ऐनमा नभएकोले |

**प्रकाशन मिति : २०७८ फागुन १३ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**